## सम्पादकीय

# विद्यार्थी दिवस

आज अन्तर्राष्ट्रिय विद्यार्थी दिवस हो। विद्यार्थी भन्नाले पढ्नका लागि नियमित रूपमा स्कूल, कलेज जाने समुह भन्ने बुझिन्छ। सामान्य बोलीचालीको भाषामा विद्यार्थीलाई काँचो माटो पनि भन्ने गरिन्छ। काँचो माटोलाई जस्तो आकार पनि दिन सकिन्छ भने विद्यार्थीलाई पनि शिक्षामा जस्तो दिशा निर्देश गर्न पनि सकिन्छ। बैज्ञानिक, प्राबिधिक, स्वास्थ्यकर्मी, शिक्षा प्रदायक, साहित्यकार, लेखक, पत्रकार, कानुनविद्, प्रशासक, नेता सबै गुणहरू शिक्षाको माध्यमबाट सिकाउन सकिन्छ। त्यसको लागि उचित वातावरण हुनु भने आवश्यक छ। जीवनमा सिक्नुपर्ने हरेक सिपहरू विद्यार्थी कालमा नै सिक्ने काम हुन्छ। हरेक पढ्ने उमेर भएका बालबालिकाले पढ्न पाउनु नैसर्गिक अधिकार हो। यसलाई आधारभूत अधिकार पनि भनिन्छ। तर, सबै ठाउँमा यस्तो ब्यवस्था भएको पाइँदैन। नेपालको सन्दर्भमा त अहिले पनि आा भन्दा बढी बालबालिका शिक्षा प्राप्त गर्नबाट वञ्चित छन्। सानै उमेरमा छोरीको बिहे गरिदिने, छोरीहरूलाई आबासीय स्कूल कलेजमा पठाउन नचाहने, आर्थिक अभावकाकारण पढाउन नसक्नेहरूको ठूलो जमात छ विश्वभरी नै। नेपाल पनि त्यसबाट अछुतो छैन।

नेपालको सन्दर्भमा भन्नु पर्दा हाम्रा राजनैतिक दलका शिर्ष नेताहरूलाई नै लिन सकिन्छ। यसभन्दा अघिल्लो सरकारको नेतृत्व गर्ने प्रधानमन्त्रीको शैक्षिक योग्यता एसएलसीमात्र थियो। परराष्ट्र मन्त्रीको योग्यता पनि त्यहि हाराहारीमा थियो। त्यसअघिका सरकारहरूमा बस्नेहरूको र अहिले पनि धेरैजसो मन्त्रीहरू, सांसदहरूसँग शैक्षिक योग्यता नगण्य छ। यहाँ यसो भनिरहँदा कसैलाई अपमान गर्न खोजिएको नभएर सरकार वा मन्त्रालयको नेतृत्व गर्ने मानिसहरूले पर्याप्त शिक्षा आर्जन गरिएको हुनुपर्छ। ता कि उसले कुनै कुरा बुझ्नका लागि कसैको मुख ताक्नु नपरोस्। विभिन्न मुलुकबाट अंग्रेजी भाषामा लेखेर पठाइने पत्रहरूको अर्थ पूर्ण रूपमा बुझ्न नसक्दा नेपाल धेरै पटक ठगिएको छ। सन्धि, समझदारीमा धक्का पुराएको छ। राष्ट्रियतामा आँच पुराएका कैयौं घटनाहरू छन्। एमसीसीकै कुरा गर्दा गलत ब्याख्या भएको छ। यो सबै विद्यार्थीकालमा उचित शिक्षा आर्जन गर्न नसकेको परिणाम हो। शिक्षा प्रदान गर्ने उचित वातावरणको अभावले भएको हो।

नेपालको शिक्षा यति महंगो छ कि सर्बसाधारण मानिसले शिक्षा किन्न नै सक्तैन। किनभने जनतासँग आय स्रोत नै छैन। विद्यार्थीहरूलाई घरपायक पर्ने विद्यालयको अभाव छ। सहर बजारका प्रारम्भिक कक्षामा पढ्ने बालबालिकाले पनि विद्यालयमा नास्ता खान पाउँदैनन्। न विद्यालयहरूमा महिलामैत्री सुविधा छ न त अपांगमैत्री। शिक्षकहरूमै अनुशासन देखिँदैन। विद्यालय खुल्ने बेलामा शिक्षक अनुपस्थित भइरहेका हुन्छन्। कक्षा कोठामै कसैले सुर्ति मिचिरहेको हुन्छ त कतिले भित्तामै पान थुकिरहेको पाइन्छ। चौरहरू नहुँदा खेल्ने, ब्यायाम गर्ने अवस्था हुँदैन। कलेज, विश्वविद्यालयहरू त झन् राजनीति गर्ने अखाडा नै बनेका हुन्छन्। प्राध्यापकहरूले नेताहरूको झोला बोक्दै हिँड्ने, बिद्यार्थीमा राजनैतिक लबिंग गर्ने, सदस्यता बाँड्दै हिँड्ने गरिएको हुन्छ। यो नेपालको विद्यालयहरूमा देखिएको सत्यता हो। यस्तो अवस्थामा विद्यार्थीहरूको भविश्यले कुन रूप लेला अनुमान गर्न कठिन छैन। भविष्यका खम्बाको भूमिका खेल्ने विद्यार्थीहरूमाथि जुन खालको वातावरण हुनुपर्ने हो त्यो भएको छैन। बनाइनु जरुरी छ। विद्यार्थी दिवस मनाइरहँदा यो कुरामा पनि ध्यान दिइनु बेस होला।

# पर्यापर्यटनका अपेक्षा र समस्याहरू



युवराज कंडेल

भूकम्पपछि थालिएको नेपालको पर्यटन क्षेत्रले सफलता समातिरहेको बेलामा सन् २०१९ को अन्त्यदेखि विश्वब्यापी रूपमा फैलिएको कोरोना कहरले नेपालको पर्यटन क्षेत्रलाई ठप्प बनायो। नेपाल भ्रमण वर्षको तयारि भैरहेको र प्रदेशहरूले पनि पर्यटनलाई प्राथमिकतामा राखेर कार्यक्रमहरू बनाइरहेको समयमा कोरोनाले पर्यटन सम्बन्धि सबै योजना र कार्यक्रमहरूलाई कोमामा पुर्‍यायो। वार्षिक १२ लाखको हाराहारीमा विदेशी पर्यटकहरू नेपाल आउने गरेकोमा दुई वर्षयता विदेशी पर्यटकहरूको आवागमन लगभग ठप्प छ।

कोरोनाको दोश्रो लहरको सुस्तता पछि अन्य आर्थिक क्षेत्रहरू चलायमान भए पनि पर्यटन क्षेत्र अहिले पनि बन्दप्राय नै छ। हुलका हुल पर्यटक आउने परम्परागत पर्यटकीय केन्द्रहरूमा पर्यटकहरू आएका छैनन्। तर यो विषम परिस्थितिमा पनि देशका कुनाकाप्चा, वनजंगल, खोला नदि, तालतलैया र डाँडापाखामा पुग्ने आन्तरिक पर्यटकहरू संख्या उल्लेख्य देखिन थालेको छ। यस्ता भ्रमणले नयाँनयाँ पर्यटकीय क्षेत्रहरू उजागर भैरहेका छन्। कोरोना कहरले थला पारेको पर्यटन उद्योग र वर्तमानमा देखिएको पर्यटनको नयाँ आयामले नेपालमा पर्यावरणीय तथा सामाजिक जीवनमा आधारित पर्यटन नै दिगो पर्यटनको आधार हुने देखिएको छ।

मानिसलाई प्रकृति र त्यससंग गाँसिएको सामाजिक जीवनको अवलोकन र अध्ययनले बढी खुशी र उर्जा दिन्छ। आधुनिक समाजको भागदौडयुक्त जीवनबाट केहि समय आफुलाई मुक्त राख्नको लागि प्रकृतिको नजिक समय विताउने चाहना मानिसहरूमा बढिरहेको छ। र, मानिसहरूलाई पर्यापर्यटनतर्फ आकर्षित गरिरहेको छ। प्रकृतिलाई माया गर्ने, मित्रता गाँस्ने, वातावरणीय सचेतना वृद्धि गर्ने तथा पर्यावरण अनुसन्धान गर्ने कार्यसंग जोडिएर गरिने पर्या पर्यटनले जैविक तथा सांस्कृतिक विविधताको संरक्षण, दिगो उपयोग तथा सामाजिक-आर्थिक लाभको समन्यायिक वितरणमा जोड दिने भएकोले वर्तमान समयमा यसलाई पर्यटनको अभिन्न अंग मान्ने गरिन्छ।

नेपालमा पछिल्ला २ दशकमा प्रकृतिमा आधारित पर्यटनमा स्वदेशी र विदेशी पर्यटकहरू आकर्षित भैरहेका छन्। प्राकृतिक विविधताको अनुपम संगम बनेको नेपालका सबै भूगोल र क्षेत्रमा पर्यटकलाई खुशी बनाउन सक्ने प्राकृतिक श्रोत र त्यसमा आधारित सांस्कृतिक जीवन भएकोले पर्यापर्यटनलाई नेपालको पर्यटनका नीति तथा कार्यक्रमहरूमा समावेश गर्न थालिएको छ। पर्यटन नीति २०६५ को नीति ८ झ संग सम्बन्धित रहेर वातावरण संरक्षण र दिगो उपयोग सम्बन्धि कार्यनीति तय गरिएको छ। यो नै नेपालको पर्यापर्यटनको नीतिगत आधार हो। पर्यटन नीतिले साँस्कृतिक र प्राकृतिक सम्पदाको दिगो उपयोग गरिने, पर्यटकीय पूर्वाधार निर्माण एव क्रियाकलाप संचालनमा वातावरण संरक्षण पक्षलाई प्राथमिकता दिइने, पर्यटकीय कार्यमा प्रदूषण सीमा निर्धारण गरी त्यसको अधिनमा सञ्चालन र नियमन गरिने कार्यनीति निर्धारण गरेको छ।

यसैगरी संरक्षित र आरक्षित क्षेत्रहरू एवं राष्ट्रिय निकुञ्जहरूमा पर्यटकहरूलाई आकर्षित गर्ने र तिनीहरूको व्यवस्थापन, संरक्षण, सञ्चालन र नियमनमा स्थानीय जनसहभागिताको बृद्धि गर्ने, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु तर्फ आकर्षित उच्च आय वर्गका पर्यटकलाई ग्रामीण पर्यटनतर्फ समेत आकर्षित गरिने उपायको अवलम्बन गर्ने, देशमा विद्यमान जैविक विविधता एवं वन्यजन्तु अवलोकनलाई पर्यटकीय उपजको रूपमा विकास, विस्तार र प्रबर्द्धन गर्ने तथा वातावरण मैत्री पर्यटन व्यवसााय सञ्चालन गर्ने व्यवसायीलाई प्रोत्साहित/पुरस्कृत गर्ने जस्ता कार्यनीतिहरू तयार गरि पर्या पर्यटनलाई प्रोत्साहित गर्न खोजिएको छ। नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना, २०१६-२०२५ले प्रदुषण रहित पर्यटनको विकास गरि पर्यटनको वातावरणीय प्रभाव न्यूनीकरण गर्न उपयुक्त रणनीति तय, योजना तर्जूमा तथा कार्यान्वयन गरेर पर्यावरण अनुकूल पर्यटन र यस सम्बन्धी असल अभ्यासहरूलाई प्रवर्द्धन गर्ने रणनीतिक लक्ष्य निर्धारण गरेको छ। चालु पन्ध्रौ योजनामा पर्यापर्यटन सम्बन्धि छुट्टै रणनीतिहरू नभएपनि पर्या पर्यटनको विकासको लागि निजि क्षेत्रसंग सहकार्य गर्ने, पर्यटन क्षेत्रलाई वातावरण मैत्री, उर्जा किफायती एवं जलवायु उत्थानाशील बनाउन नीतिगत व्यवस्था गर्ने, पर्यटन क्षेत्रलाई प्रदुषणमुक्त राख्ने कुराहरू उल्लेख गरिएको छ। मध्यवर्ती क्षेत्र र सामुदायिक वन समुहहरू मार्फत स्थानीय समुदायले पर्या पर्यटनतर पाइला बढाएपछी वन ऐन २०७६ मा वातावरणिय सेवा अन्तर्गत पर्यापर्यटनलाई समावेश गरिएको छ।

नेपालमा पर्यापर्यटनलाई पर्यटनको मुख्य क्षेत्र बनाउने उत्साह देखिएको भएपनि अहिलेसम्म यसका भरपर्दा आधारहरू तयार हुन सकेका छैनन्। प्राकृतिक र साँस्कृतिक अवस्थामै पर्यटकहरूलाई भूलाएर पर्यटकीय गतिविधि संचालन गर्नु यसको प्रमुख कार्य हो। तर पर्यापर्यटन विकास भन्दै प्राकृतिक श्रोतहरू स्वरूप परिवर्तन गर्ने, कंक्रिटका भ्यु टावर, पक्कि सडक र पैदल मार्ग निर्माण गर्ने, वनमा टहरा र होटेल निर्माण गर्ने, साँघुरो ठाउमा जनावरहरूलाई थुनेर मिनी जु बनाउने जस्ता कार्यहरू स्थानीय समुह र सरकारले गरिरहेका छन्। यस्ता कार्यले सुविधा थप्ने भन्दा पनि प्रकृति प्रेमी पर्यटकलाई विकर्षित गर्ने सम्भावना देखिन्छ। अहिले वनपाखा, खोला नदि, पहाड र हिमालमा डुल्ने आन्तरिक पर्यटकहरूको संख्या वृद्धि सँगै प्रदुषण पनि बढिरहेको छ। यस्ता कार्यले कालान्तरमा समग्र पर्यटनमा नै नकारात्मक असर पुग्नेछ। पर्यापर्यटनले स्थानीय उत्पादन र पद्दतिको प्रयोग गरि पर्यटन व्यवसाय संचालन गर्ने कुरालाई जोड दिएको हुन्छ। तर नेपालका पर्या पर्यटकीय सम्भाव्य स्थानहरूमा आधुनिक पद्दतिले संरचना निर्माण गर्ने, बाहिरि बस्तुहरू उपयोग गरि पर्यटकलाई सेवा प्रयोग गर्ने, स्थानीय उत्पादनको प्रयोग नगर्ने कार्यहरू भैरहेका छन्। प्रकृतिमैत्री होमस्टे हुनुपर्नेमा शहरी होटेलकै झल्को दिने आवास गृह बनाउने, जीवजन्तुको आहार विहारमा असर पुग्ने गरि हुल बाँधेर घुम्न जाने प्रवृत्ति बढ्दो छ। पर्या पर्यटनको नाम भजाएर रिसोर्ट, कटेज संचालन गर्ने होहल्ला गर्ने कामहरू हुँदा समुदायमा अशान्ति समेत भैरहेको छ। पर्यटकीय सम्भावनाका क्षेत्रहरूमा बाहिरि मान्छेहरूको बढी हस्तक्षेप हुँदा स्थानीय संस्कृति र सामाजिक व्यवहार मासिँदै गएको छ। स्थानीय समुदायले भन्दा पनि बाहिरि व्यवसायीले पर्यटनबाट लाभ लिइरहेका छन्। पर्या पर्यटनका गतिविधिहरूमा स्थानीय सहभागिता कम हुँदा प्राकृतिक श्रोतको संरक्षण र दिगो पर्यटनका सम्भावनाहरू कमजोर हुँदै गएका छन्। यस्ता गतिविधिहरूले पर्यापर्यटनलाई विकास गर्ने र लाभ लिने कुरै छोडौं, हाल प्राप्त पर्यटकीय लाभ समेत गुम्ने खतरा बढेको छ।

सामान्यतया खोला नदि, ताला तलैया, वनजंगल, जीवजन्तु र भू दृश्यको रसास्वादनका लागि गरिने भ्रमण नै पर्यापर्यटन हो भन्ने बुझाइ रहेको छ। यस्ता प्राकृतिक श्रोतहरू हुने वित्तिकै मानिसहरूले पर्यापर्यटनको अपार सम्भावना छ भनेर गफ गर्न थालिहाल्छन्। प्रकृति हेर्नु मात्र पर्यापर्यटन हैन। प्रकृतिमा आधारित वस्तु तथा सेवाहरू प्रदान गरेर अतिथिहरूलाई सन्तुष्ट पार्नु, संरक्षणलाई टेवा पुर्‍याउनु, पर्यटनबाट स्थानीय समुदायको जीविकोपार्जन र आर्थिक विकासमा सहयोग पुर्‍याउनु पर्यापर्यटन भित्रका अपरिहार्य कार्य हुन्। नेपालमा अहिले पर्यापर्यटनको नाममा भैरहेका गतिविधिहरू र भैरहेका तयारीहरूले प्राकृतिक र सांस्कृतिक सम्पदालाई सुरक्षित राखेर दिगो लाभ लिन नसकिने संकेतहरू देखिएका छन्। यी संकेतहरूको अध्ययन गरि समस्याहरूको समाधान सहितका पर्यटन गतिविधिहरू नगरेमा पर्यटनबाट समृद्धि हासिल गर्ने सपना कहिल्यै पुरा हुने छैन।

# आर्थिक सहयोगका लागि पहल गर्छु: निर्देशक मेहता

दाङ, ३० कार्तिक- अन्तराष्ट्रिय परिवार नियोजन महासंघकी दक्षिण एसिया निर्देशक सोनाम मेहताले परिवार नियोजन संघलाई आर्थिक सहयोगका लागि आफूले सक्दो पहल गर्ने बताएकी छिन्। दाङको घोराहीमा नेपाल परिवार नियोजन संघको ४१औं केन्द्रीय सभालाई सम्बोधन गर्दै उनले जतिसक्दो धेरै सहयोग गर्नका लागि आफूले माथिल्लो तहमा कुरा गर्ने बताएकी हुन्।

नेपाल परिवार नियोजन संघले गरेको कामको प्रसंसा गर्दै प्रमुख अतिथि समेत रहेकी मेहताले कुनै खास योजना तथा सम्झौता गरेर सहयोग गर्ने प्रतिबद्धता जनाईन्। नेपालीहरूले गरेको कामले नेपाल सानो नभएर ठूलो भएको उल्लेख गर्दै उनले तीन/तीन वर्षको योजना बनाएर सहयोगका लागि सधै आफूहरू तत्पर रेहेको बताईन्। यस्तै कार्यक्रमकी विशिष्ट अतिथि राष्ट्रियसभा सदस्य अनिता देवकोटाले नेपाल परिवार नियोजन संघमा कसैलाई पनि निषेध गर्न नहुने बताईन्। नेपाल परिवार नियोजन संघको सदस्य बन्न नपाएको गुनासाहरू आउनेको गरेको प्रति ईंगित गर्दै राष्ट्रिय सभा सदस्य देवकोटाले कसैलाई पनि निषेध गर्न नहुने बताईन्। सांसद देवकोटाले सबैलाई आफ्नो संघ हो भन्ने गरी काम गर्न पनि परिवार नियोजन संघलाई आग्रह गरेकी छिन्। "सबैले यो परिवार नियोजन संघ आफ्नो हो भन्ने गरी काम गर्नुहोस्, कसैलाई पनि निषेध गर्ने कुरा नगर्नुहोस" उनले भनिन्। अहिले परिवार नियोजन संघले स्वास्थ्य क्षेत्रमा ठूलो योगदान गरेकोले पनि समाजमा छुट्टै पहिचान बनाउन सफल भएकोमा उनले धन्यवाद समेत दिएकी छिन्।

यस्तै लुम्बिनी प्रदेशका सिंचाई उर्जा तथा जलस्रोत राज्यमन्त्री अर्जुन कुमार श्रेष्ठले संस्थालाई सेवामुलक रूपमा सञ्चालन गर्न आग्रह गरे। जसले परिवार नियोजन संघलाई सेवामुलक रूपमा सञ्चालन गर्छ उसलाई अबको नेतृत्व दिनु पर्ने उनले बताए। त्यसैगरी परिवार नियोजन संघका केन्द्रीय अध्यक्ष हिमाल कसजुले संघभन्दा ब्यक्ति ठूलो नभएको भन्दै संघलाई बलियो बनाउन संघ लाग्नु पर्ने बताए। परिवार नियोजन संघले हिजोको दिनमा धेरै प्रशंसनिय काम गरेको उल्लेख गर्दै अब संस्था कसरी अगाडी बढाउने भन्ने कुरा सोच्नु पर्ने बताए। परिवार नियोजन संघको ४१औं केन्द्रीय सभाले नयाँ नेतृत्वसमेत चयन गर्ने छ।


## Bhumikasthan Municipality
## Office of Municipal Executive
**Nuwakot, Arghakhanchi**

**First Date of publication: 17-11-2021 (2078-08-01)**
**(Second date of publication in case of procurement of CGI Sheet)**

1. Bhumikasthan Municipality, office of the Municipal Executive, Nuwakot, Arghakhanchi invites electronic Bids from eligible bidders under PPMO,s e-GP system www.bolpatra.gov.np./egp,. for following works under National Competitive Bidding . All other information and Bid Document can be downloaded from PPMO,s e-GP System www.bolpatra.gov.np./egp . Bidders should deposit the cost of bidding document as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher should be uploaded by the bidder at the time of electronic submission of the bids.

**Information to deposit the cost in the Bank:,**
**Name of the Bank:** Century Bank, Nuwakot, Arghakhanchi
**Name of Office:** Bhumikasthan Municipality, Arghakhanchi
**Aantarik Rajaswa (Internal revenue) Account no. :0900000013GE,**
**Dharauti Account no. 0900000004GE (Dharauti)**

2. Pre-bid meeting shall be held at **Bhumikasthan Municipality, office of the Municipal Executive, Nuwakot, Arghakhanchiat 1:00 pmon 06-12-2021 (2078-08-20)**
3. Electronic bids must be submitted to the office of **Bhumikasthan Municipality, Nuwakot, Arghakhanchi** through PPMO website www.bolpatra.gov.np/egp... Bid Purchasing, submission and other bidding process option should be done according to Bid Document and Bidders others details are as given below
5. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| Tender No. | Name of Project | Bid Price | Estimate cost (with Vat) | Bid Security Amount In NRs | Bid security valid period | last date of Bid purchase | last date of Bid submition | Bid Open |
|---|---|---|---|---|---|---|---|---|
| 16/BMA/W/ UPG/2078/079 | Thakurbase Kapani Chautara Kusunmare Amdanda Samnegaun Gerumata Road Upgrading | NRs. 3000.00 (Not Refundable) | **4,876,242.80** | NRs. 125000 | | | | |
| 17/BMA/W/ UPG/2078/079 | Udayathati Kotrekhola Durbang Road Construction | NRs. 3000.00 (Not Refundable) | **4,877,766.74** | NRs. 125000 | | | | |
| 18/BMA/W/ UPG/2078/079 | Archaldi Setipokhari Darimpata Dhoderidanda Salendhara Tilkeni Road Upgrading | NRs. 3000.00 (Not Refundable) | **4,876,125.79** | NRs. 125000 | 120 days | 16-12-2021 (2078 -09-01) 12:00 noon | 17-12-2021 (2078 -09-02) 12:00 noon | 17-12-2021 (2078 -09-02) 1:00 PM |
| 19/BMA/W/ UPG/2078/079 | Chautara Baguwa Salindanda Gairagoth Road Upgrading | NRs. 3000.00 (Not Refundable) | **4,876,706.14** | NRs. 125000 | | | | |
| 20/BMA/W/ UPG/2078/079 | Deva Putke Dadhuwa Paku Laxmidanda Jhimruk Road Upgrading | NRs. 3000.00 (Not Refundable) | **4,877,967.12** | NRs. 125000 | | | | |
| 02/BMA/W/ B/2078/079 | Procurement of Coloured CGI sheet | NRs. 3000.00 (Not Refundable) | **609 Bundle** | NRs. 200000 | 120 days | | | |

6. Other details are available on the **E-Procurement Section** of PPMO Web Sitewww.bolpatra.gov.np /egp and Bhumikasthan municipality Office web site: www.bhumikasthanmun.gov.np .



## सर्टिफिकेट हराएको सूचना

मिति २०७८ साल कात्तिक २० गतेका दिन ति. न. पा. ७ करहिया चोक देखि ति. न. पा. ९ मंगलापुर जाने क्रममा मेरो S.L.C., +2 र Bachelor लगाएतका शैक्षिक प्रमाणपत्रहरु हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा मोवाईल नं. ९८६७७१९५९८ मा खवर गरिदिनुहनु अनुरोध गर्दछु।

**नामः** सुदिपा पुन
**ठेगानाः** ति.न.पा.-१७ मुडियारी, रुपन्देही
S.L.C. SR No: 48086480005
HSEB Registration No: 684965068
TU Redg: 6-2-50-682-2012

## ट्वाइलेट सफा गराउनुहोस्

**सेफ्टी टंकी रिङ्ग भरिएर शिटनाली जाम भएमा हामीलाई सम्झनुहोस्। हामी तपाईको समस्या तुरुन्छ ५ मिनेटमै हल गरिदिनेछौं। साथै लोडसेडिङ्गको समयमा अत्याधुनिक जापानिज प्रविधि रोटरी भ्याकुमबाट ५ मिनेटमै सेफ्टी टंकी सफा गरिन्छ।**

प्रो. प्रकाश
**बर्मेली टोल सफा सेनेटरी**
भैरहवा रपन्देही
फोनः ९८००७२३००८७, ९८१९४१९४४०, ९८६७७२१८५२

## विमालेख हराएको सूचना

मेरो निम्न व्यहोराको नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लि. बाट जारी भएको विमालेख २०७८/०६/१३ गते बुटवल देखि सन्धिखर्क जाने क्रममा हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु।

**नामः** ऋषिराम भुषाल
**ठेगानाः** छत्रदेव-४ अर्घाखाँची
**विमालेख नं.** ३०२०१६६१६
**सम्पर्कः** ९८४७१९८७३२

## विना अपरेशन औषधी उपचार

- बवासिर (Piles)
- फिसर (Fissure)
- भगन्दर (Fistla)
- हाइड्रोसिल (Hyfrocil)

ग्यारेण्टीके साथ उपचार गरिन्छ।
खल्ने समयः विहान ९:०० बजे देखि साँझ ६:०० बजे सम्म

**चाँदसी दवाखाना**
चिकित्सक एस. कुमार
एसएसबी रोड, मधेशिया मार्केट, सोनौली बजार (इण्डिया-नेपाल बोर्डर)
Mob. No. 8174950368 (India), 9816340252, 9811962393 (Nepal)

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको शहर भैरहवा, धकधकई, मर्चवार, बुटवल तथा लुम्बिनी सम्म ट्वाइलेट सफा गर्नु परेमा आधुनिक जापानिज मेसिनद्वारा सेफ्टी ट्याङ्की, ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिन्छ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोड सेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सेफ्टी ट्याङ्कीको रिङ्ग खाली गरिन्छ।

**जानकी सफा सेनेटरी** सि. न. पा. भैरहवा, रुपन्देही
मोः ९८६००८६७११, ९८१५४३४५५४

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको शहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानिज मेसिनद्वारा सेफ्टी ट्याङ्की, ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिन्छ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोड सेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सेफ्टी ट्याङ्कीको रिङ्ग खाली गरिन्छ।

**सफा सेनेटरी** सि. न. पा.-९, अंचलपुर, भैरहवा
मोः ९८४७०२३१५१, ९८०४४७२६९०, ९८०४४३१५७८